# नीलकण्ठ राजपत्र

## नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

वर्षः ६) धादिङवेसी, धादिङ (संख्याः २९ मितिः २०७९।१२।२३


## भाग - २

### नीलकण्ठ नगरपालिका

### सामुदायिक विद्यालय समायोजन कार्यविधि, २०७९

**प्रस्तावनाः** नीलकण्ठ नगरपालिका अन्तर्गत सञ्चालन भइरहेका र विद्यार्थी संख्या अत्यन्त कम भइ सोही अवस्थामा विद्यालय संचालनलाई निरन्तरता दिन कठिनाइ भइरहेका विद्यालयहरु एक आपसमा समायोजन गरी विद्यालयको व्यवस्थापकीय र शैक्षिक पक्षको सुधार गरी विद्यालय शिक्षामा सबै बालवालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर अभिबृद्धि गर्न बाञ्छनीय भएकोले नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ को परिच्छेद १६ दफा १०५ ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम ***"नीलकण्ठ नगरपालिका सामुदायिक विद्यालय समायोजन कार्यविधि, २०७९"*** *रहेको छ* ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यपालिका" भन्नाले नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले नीलकण्ठ नगरपालिका सम्झनु पर्छ ।

(घ) "नगर शिक्षा समिति" भन्नाले नीलकण्ठ नगरपालिकामा गठित नगर शिक्षा समिति सम्झनु पर्छ ।

(ङ) “विद्यालय समायोजन वा एकिकरण” भन्नाले दुइ वा दुइ भन्दा बढी विद्यालय एक आपसमा गाभ्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतका कार्य सम्झनु पर्छ ।

(च) “शिक्षक” भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरत स्थायी, अस्थायी, करार, राहत वा अन्य शिक्षक सम्झनु पर्छ ।

(छ) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरत सहायक र सहयोगीको रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ज) “शिक्षा युवा तथा खेलकुद शाखा” भन्नाले नीलकण्ठ नगर कार्यपालिकाको कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

## परिच्छेद- २

## विद्यालय समायोजनको सैद्धान्तिक आधार

३. दुइ वा दुइ भन्दा बढी विद्यालयहरुलाई गाभी एउटा विद्यालय कायम गर्दा देहाएका आधारहरु विद्यमान भएमा गरिनेछ ।

(क) दुई वा सो भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको

(ख) एक विद्यालयबाट अर्को विद्यालयसम्म कम्तिमा ३० मिनेट यात्रामा जान सकिने भएमा

(ग) नजिकमा रहेका दुई वा सो भन्दा बढी विद्यालयहरुमध्ये एउटा वा सबैमा विद्यार्थी संख्या निम्नानुसार भएको ।

| कक्षा | प्रारम्भिक बाल विकास केन्द्र | १-३ | १-५ | ६-८ | ९-१० | ९-१२ |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १० | ४५ | ७५ | ४५ | ४० | ५० |

(घ) नजिकको दूरीमा रहेका र आपसमा गाभिएर/ एकीकरण भएर उच्च तहको विद्यालयको हैसियत प्राप्त हुन सक्ने दुई वा सो भन्दा बढी विद्यालय ।

(ङ) जनसंख्या वृद्धि दर कम भएको जनसंख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसंख्या नवढ्ने खालको समुदायमा स्थापना भएको दुई वा सो भन्दा बढि विद्यालयहरु

(च) भौगोलिक रुपले विकटता नभएको अवस्थामा नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा वा एक विद्यालयबाट अर्को विद्यालयसम्म जान कम्तिमा ४५ मिनेट समय लाग्ने भएमा दफा ४ अनुसार विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने आधार नदेखिएमा त्यस्तो विद्यालय बन्द गरी अर्को पायक पर्ने विद्यालयमा समायोजन गरिनेछ ।

४. स्तर घटाउन आवश्यक देखिएका तर बुँदा नं. ३(च) अनुसारको ४५ मिनेट भन्दा बढी समय लाग्ने भएमा देहायका विकल्प अनुसार समायोजन गरिनेछ ।

(क) देहायको विद्यार्थी संख्या भएमा

| कक्षा | प्रारम्भिक बाल विकास केन्द्र | १- ३ | १- ५ | ६- ८ | ९ -१० | ११- १२ |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | ५ | २४ | ४० | ३६ | ३० | ४० |

(ख) कक्षा ९-१२ सञ्चालन भएको विद्यालय सञ्चालन गरिरहन न्युनतम आधार पुरा नभएमा कक्षा ९-१० सञ्चालन हुने विद्यालयको रुपमा सञ्चालन गरिनेछ ।

(ग) कक्षा ९-१० सञ्चलन भएको विद्यालय सञ्चालन गरिरहन न्युनतम आधार पुरा नभएमा कक्षा १-८ सञ्चालन हुने आधारभुत विद्यालयको रुपमा सञ्चालन गरिनेछ ।

(घ) कक्षा १-८ सञ्चालित विद्यालय सञ्चालन गरिरहन न्यूनतम आधार पुरा नभएमा कक्षा १-५ सञ्चालन हुने विद्यालयको रुपमा सञ्चालन गरिनेछ ।

(ङ) कक्षा १-५ सञ्चालित विद्यालय सञ्चालन गरिरहन न्यूनतम आधार पुरा नभएमा कक्षा १-३ सञ्चालन हुने विद्यालयको रुपमा सञ्चालन गरिनेछ ।

(च) कक्षा १-३ सञ्चालित विद्यालय सञ्चालन गरिरहन न्यूनतम आधार पुरा नभएमा प्रारम्भिक बालविकास केन्द्रको रुपमा सञ्चालन गरिनेछ ।

(छ) कुनै विद्यालयमा उल्लिखित विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने आधार नदेखिएमा त्यस्तो विद्यालय बन्द गरी अर्को पायक पर्ने विद्यालयमा समायोजन गरिनेछ ।

तर नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता तथा विद्यालय र कक्षा समायोजनका कारण पढाइबाट कुनै बालबालिका बञ्चित हुनुपर्ने अवस्था आएमा त्यस्ता बञ्चित बालवालिकाको पढाइको सुनिश्चितताका लागि नगरपालिकाबाट आवश्यक व्यवस्था गरिनेछ । विद्यालय समायोजनको कारणले कुनै पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार हनन गर्न पाइने छैन ।

## परिच्छेद -३

## समायोजन हुने विद्यालयको नामाकरण

५. आधारभूत तहका दुइ वा सो भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिने वा समायोजन हुन गएमा जुन विद्यालयमा गाभिएको हो सोही विद्यालयको नामबाट सञ्चालन हुनेछ । नगर शिक्षा

समितिको अध्ययन र सिफारिसका आधारमा नगर कार्यपालिकाले गाभिएको विद्यालयको नामको पछाडि गाभिने विद्यालयको नाम थप गर्ने वा अन्य कुनै नाम कायम गर्न सक्नेछ ।

६. एकिकरण हुने विद्यालयको नामाकरण गर्दा बढी विद्यार्थी संख्या भएको विद्यालयको नामका पछाडि कम विद्यार्थी संख्या भएको विद्यालयको नाम जोडी नामाकरण गर्ने वा दुवै विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमतिमा अन्य नामाकरण गरिनेछ ।(यहाँ एकिकरण शब्दले दुइ वा दुइ भन्दा बढी विद्यालयमा दफा ३ वा ४ बमोजिमको मापदण्ड पुरा नभएर एक आपसमा एकिकरण गर्दा माग पुग्ने अवस्थाको स्थितिलाइ जनाँउदछ) । दफा ३ को (क) देखि (च) सम्मका कुनै एक अधार अपुग भई गाभिने माध्यमिक बिद्यालयका हकमा दुवै विद्यालयका अभिलेख पहिचान र अस्तित्व कायम हुने गरी शिक्षा समितिले गरेको अध्ययन र सिफारिसका आधारमा नगर कार्यपालिकाले संयुक्त नाम वा नयाँ नामाकरण गर्नेछ ।

७. दुइभन्दा बढी विद्यालय आपसमा गाभी वा एकिकरण भइ नयाँ ठाउँमा विद्यालय स्थापना हुने अवस्था भएमा नगर शिक्षा समितिको निर्णयका आधारमा राष्ट्रियता, स्थानीयता र एतिहासिकता झल्कने साविकको नाम वा नयाँ नाम नामाकरण गरिनेछ ।

## परिच्छेद- ४

## विद्यालय समायोजन पछि गर्नु पर्ने भौतिक व्यवस्थापन

८. विद्यालय समायोजन पश्चात विद्यालयमा रहेको चल अचल सम्पत्ती देहाय अनुसार हुने गरी सम्बन्धित वडा अध्यक्षको समन्वयमा सम्पन्न गर्नु पर्नेछ । यस कार्यमा समायोजन भएका विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(क) गाभिने विद्यालयको सबै चल अचल सम्पत्ती दाखिल गरी गाभिएको विद्यालयमा कायम हुने विद्यालयको नाममा कायम गरिनेछ ।

(ख) गाभिने विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगाएत अन्य शैक्षिक सामग्री गाभिएको नयां कायम भएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

(ग) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसामानहरुको विवरण तयार गरी त्यस्ता मालसामानहरुको सालखाला न्यूनतम मुल्य कायम गरी सम्बन्धित वडाको सिफारिस सहित आवश्यक कारवाहीका लागि नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ र

नगरपालिकाको कार्यालयले समर्थन गरेको मुल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ ।

(घ) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यायसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना बनाइ वडा कार्यालयको सिफारिस सहित नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ र नगरपालिकाले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

(ङ) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ती नगर शिक्षा समिति र नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउने छ ।

(च) गाभिएका वा समायोजन गरिएका विद्यालयको सम्बन्धमा नगर शिक्षा समितिको अध्ययन र प्रस्ताव बमोजिम कार्यपालिकाले आवश्यक निर्णय गर्न सकिनेछ ।

## परिच्छेद- ५

## विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक तथा अन्य व्यवस्थापन

९. विद्यालय समायोजन पश्चात विद्यालयको शैक्षिक र अन्य व्यवस्थापन देहाय अनुसार गरिनेछः

(क) गाभिने विद्यालयका प्रधानाध्यापक लगायत शिक्षक र कर्मचारीहरुलाई गाभिएको विद्यालयमा प्राथमिकता दिइनेछ, उक्त विद्यालयमा आवश्यक नहुने भएमा नगर शिक्षा समितिको निर्णय बमोजिम शिक्षक तथा कर्मचारीहरुलाइ नगरपालिकाको अन्य विद्यालयमा काज, सरूवा तथा पदस्थापन कायम गरिनेछ ।

(ख) आवश्यकता भन्दा बढी भएका शिक्षक दरवन्दीलाई नगरपालिकाको पुल दरवन्दीका रुपमा राखी नगर शिक्षा समितिको निर्णय अनुसार आवश्यक व्यवस्था गरिनेछ यसरी व्यवस्थापन गर्दा नजिकैको पायक पर्ने विद्यालयमा आवश्यकताका आधारमा प्राथमिकता दिइ सरुवा तथा पदस्थापन गरिनेछ।

तर थप दरवन्दीको आवश्यकता देखिएमा दरवन्दी मिलान वा वितरण गर्दा समायोजनबाट कायम भएका विद्यालयलाई प्राथमिकता दिइनेछ ।

(ग) विद्यालय समायोजन पश्चात अर्को व्यवस्था नभए सम्मको लागि गाभिने विद्यालयको व्यवस्थापन समिति स्वतः निश्क्रिय हुनेछ र गाभिएको विद्यालयमा रहेको व्यवस्थापन समितिले नै तोकिएको काम काज गर्नेछ । तर गाभिएको विद्यालय व्यवस्थापन समितिको बैठकमा गाभिने विद्यालयको व्यवस्थापन समिति र शिक्षक अभिभावक

संघका पदाधिकारीहरुलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ । साथै गाभिएको विद्यालयको व्यवस्थापन समितिमा कानून बमोजिम मनोनित गर्नुपर्ने पद रिक्त रहेको भए गाभिने विद्यालयका व्यवस्थापन समितिका सदस्यहरु मध्येबाट मनोनित गर्नुपर्नेछ। एकिकरण भइ नयाँ स्थापना हुने वा दफा ३(ख) को मापदण्डका आधारमा समायोजन भएको बिद्यालयहरुका हकमा समायोजन निर्णय भएको मितिबाट दुवै बिद्यालयको ब्यवस्थापन समिति स्वतः निश्क्रिय हुनेछ । समायोजन भएका बिद्यालयको समग्र व्यवस्थापन र शैक्षिक नियमितताका लागि यथाशिघ्रको समयावधि दिइ नगर शिक्षा समितिले समायोजन अध्ययन तथा व्यवस्थापन कार्यदल गठन गर्नेछ। कार्यदलको प्रतिवेदनको आधारमा वा नगर शिक्षा शाखाको प्रतिवेदनको आधारमा नगर शिक्षा समितिले समायोजन भएको एकिकृत विद्यालयको सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ ।

(घ) दफा ३ (ख) को मापदण्डका आधारमा समायोजन भएको बिद्यालय ब्यवस्थपनमा तत्काल ब्यवस्थापन कार्यका लागि नगर कार्यपालिकाले तदर्थ समिति गठन गर्नेछ। दुवै बिद्यालयहरुमा निबर्तमान रहेका अध्यक्षहरु मध्येबाट एक जना अध्यक्ष र तत्काल अभिभावक कायम रहेका विद्यालय व्यवस्थापन समितिका सदस्य र नगर कार्यपालिकाबाट सिफारिस भएका सदस्यहरुलाइ समेत यथावत राखी बिद्यालयको व्यवस्थापन सहज गर्न आवश्यकता अनुसारका सदस्यहरु थप मनोनित गरी कार्यपालिकाले ६ महिनाको कार्यावधि तोकी तदर्थ समिति गठन गर्नेछ । तदर्थ बिद्यालय व्यवस्थापन समितिको नगर शिक्षा ऐन, २०७४ को दफा ३१ अनुसारको काम, कर्तब्य र अधिकार रहनेछ । तदर्थ समितिले एकिकृत बिद्यालय व्यवस्थापनको कार्यसूचि अनुसारको काम समय अभावका कारण पुरा गर्न नसकेको देखिएमा कार्यपालिकाले विद्यालय व्यवस्थापन समितिका अध्यक्षले पेश गरेको समय तालिकाको आधारमा नगर कार्यपालिकाले कार्यावधि थप गर्न सक्नेछ ।

(ङ) दफा ९(घ) बमोजिमको व्यवस्थापन समितिमा रहने पदाधिकारीको योग्यता नगर शिक्षा ऐन, २०७४ को दफा २९ बमोजिम हुनुपर्नेछ ।

(च) दफा ९(घ) बमोजिम गठन भएको बिद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यकाल सम्मका लागि नगर शिक्षा ऐन, २०७४ को दफा ३२ बमोजिमको शिक्षक अभिभावक संघ गठन गर्नेछ।

(छ) विद्यालय समायोजन पश्चात विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताहरुको संख्या तोकिए भन्दा बढी हुन गएता पनि नगरपालिकाले सबै

कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको सेवा सुविधा र पदीय हैसियतमा कुनै कटौती वा प्रतिकूल प्रभाव पर्ने गरी कार्य गरिने छैन । तर आवश्यकताको आधारमा सरुवा तथा स्थानान्तरण गरी अर्को विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ। यस दफाको लागि प्रारम्भिक बालविकास तथा कर्मचारीको नयाँ नियुक्ति गर्दा नगरपालिकाले आवश्यकताको आधारमा अनुमति प्रदान गर्न सक्नेछ तर नगरपालिकाले शैक्षिक दरबन्दी नै स्वीकृत गरी दरबन्दी सङ्ख्या हेरफेर गर्न सक्नेछ।

## परिच्छेद- ६

## विद्यालय समायोजनका लागि अपनाउनु पर्ने प्रक्रियागत चरणहरुः

१०. विद्यालय समायोजन गर्दा नगरपालिकाले देहायका प्रक्रियागत चरणहरु अपनाउनेछः

(क) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले दफा ३ वा ४ बमोजिम अभिलेखिकरण प्रतिवेदन नगर शिक्षा समिति र कार्यपालिकामा पेश गर्नेछ ।

(ख) बुँदा क को आधारमा नगर शिक्षा समितिले विद्यालय समायोजनका लागि कार्यविधि बमोजिम अध्ययन गरी सिफारिस गर्न कार्यदल गठन गर्न सक्नेछ वा बुँदा क को आधारमा आवश्यक निर्णय गर्न सक्नेछ ।

(ग) नगरपालिकामा रहेको विद्यालय र शिक्षक सम्बन्धी तथ्यांक अध्ययन र विश्लेषण गर्ने ।

(घ) विद्यालयका सरोकारवालाहरु(वडाध्यक्ष, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, अभिभावक, वुद्धिजीवि आदि) संग अन्तर्क्रिया र सुझाव संकलन गर्ने ।

(ङ) कार्यदलबाट प्राप्त प्रतिवेदन एवं शिक्षा, युवा तथा खेलकुद शाखा तथा नगर शिक्षा समितिको राय एवम् सिफारिसका आधारमा नगर कार्यपालिकाबाट विद्यालय समायोजन सम्बन्धी निर्णय गर्ने ।

## परिच्छेद- ७

## विविध

११. समायोजन हुने वा गाभिएको विद्यालयका सरोकारवाला समुदायले गाभिएको विद्यालय भवनमा शिशु कक्षा, बैकल्पिक शिक्षा, सामुदायिक वाचनालय, सामुदायिक सिकाइ केन्द्र वा यस्तै अन्य सामुदायिक शैक्षिक कार्यक्रम संचालन गर्न चाहेमा कार्यपालिकाको निर्णय बमोजिम त्यस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछन ।

१२. समायोजन भइ सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी संख्या पुग्ने अवस्था भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न नगरपालिकाले अनुमति दिन सक्नेछ ।

१३. विद्यालय समायोजन, एकीकरण, वा गाभिए पछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि भौतिक सुविधा विस्तार एवम् निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यका लागि प्राप्त अनुदान वितरण गर्दा नगरपालिकाले पहिलो प्राथमिकतामा अनुदान उपलब्ध गराउनु पर्नेछ ।

१४. विद्यालय समायोजन, एकिकरण वा गाभिए पछि उक्त विद्यालयको पुर्वाधार व्यवस्थापन कार्यलाई सम्बन्धित वडाले समेत विशेष प्राथमिकता दिनु पर्नेछ ।

१५. यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**<u>आज्ञाले:</u>**

दिनेशराज पन्त

प्रमुख प्रशासकीय अधिकृत